सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाईनियाँ, मोरङ्ग
कोशी प्रदेश, नेपाल

प.सं. २०८३/८४
च.नं. १६६

मिति:२०८३।०५।०३

श्री सुनवर्षी नगरपालिकामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरु (सबै)

सुनवर्षी ,मोरङ्ग ।

विषय :- स्थानीय तह स्तरीय भूमि समस्या सहजीकरण समिति पुनर्गठन सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सुनवर्षी नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान ,लगत संकलन, प्रमाणिकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्न भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधी २०८३ को दफा ४(१) बमोजिम गठित समिती पुनर्गठन गर्नु पर्ने भएकोले सम्बन्धित राजनीतिक दलले निर्णय गरी आधिकारीक पत्र सहित १।१ जना प्रतिनिधी देहायको मिति समय र स्थानमा पठाईदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**समिति पुनर्गठन कार्यक्रम**

मिति : २०८३।०५।०५ गते शुक्रबार

समय : विहान ११:00 बजे

स्थान : सुनवर्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ,कार्यपालिका बैठक हल डाईनियाँ , मोरंङ्ग ।

साथै यस नगरपालिका अन्तर्गतका सम्पुर्ण वडा स्तरमा समेत पुनर्गठन गर्नु पर्ने भएकोले समिति पुनर्गठन गर्न वाँकी रहेको वडा समितिहरुसँग समन्वय र सहजीकरण गरी वडा स्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति मा प्रतिनिधी तोकी पठाई सहयोग गरी दिनु हुन अनुरोध छ ।

**बोधार्थ**

श्री वडा कार्यालयहरु सबै , सुनवर्षी नगरपालिका मोरङ्ग ।

उपरोक्त कार्यविधि २०८३ दफा ४ (२) बमोजिम वडास्तरिय समिति गठन हुन बांकी भएको भए मिति २०८३।०५।०५ भित्र अनिवार्य रुपमा गठन गरी भूमि शाखामा विवरण पेश गर्नुहुन पुन: जानकारी गराईन्छ।

...........................

( हिमालय बराल )

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

४३३०२५ (नगर प्रमुख), ४३३०२६ (नगर उप-प्रमुख), ४३३०२७ (प्रमुख प्रशासकिय अधिकृत) ४३३०२८ (प्रशासन तथा योजना शाखा)
E-mail: sunbarsimun@gmail.com, Website:sunawarshimun.gov.np

"समृद्ध सुनवर्षीको आधार, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार"

CS Scanned with CamScanner